का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ फागुन २०८१,
बुधबार
19 February, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

७५औं वर्षमा प्रजातन्त्र विशेषाङ्क थप ४ पृष्ठ


वर्ष २३, अंक १७ । पृष्ठ ८+४ | Madhyanha National Daily | www.madhyanhadaily.com



## प्रहरी विधेयक

# समायोजनमा मौन

‘एउटै ऐनले सबै समस्या समाधान हुँदैन । गृह मन्त्रालयअन्तर्गतका धेरै ऐनहरूले यस विषयमा काम गरेका हुन्छन् । कतिपय स्थानीय प्रशासन ऐनले काम गरेका छन् । त्यस कारण प्रहरीभित्रका समस्या समाधानमा अन्य कानुनले पनि काम गर्न सक्नुपर्छ’



**हेमन्त मल्ल**
पूर्वडीआईजी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक प्रदेश प्रहरी समायोजनमा मौन रहेको छ । सोमबार संसद्मा दर्ता भएको विधेयमा प्रदेश प्रहरी समायोजन, अधिकार तथा सेवा-शर्तका सन्दर्भमा मौन रहेको हो ।

संघीय प्रहरी ऐनको अभावमा प्रदेश सरकारले प्रहरीसम्बन्धी आवश्यक कानुन निर्माण गर्न नसकेको गुनासो वर्षौंदेखि गरिरहेका छन् । संघीय सरकारबाट आवश्यक ऐनहरू जारी नहुँदा संघीयता कार्यान्वयनमा समस्या उत्पन्न भएको सातै प्रदेशका मुख्यमन्त्रीहरूले प्रधानमन्त्रीसहित संघीय सरकारका मन्त्रीहरूलाई पटकपटक ध्यानाकर्षण गराउँदै आएका थिए ।

प्रहरी ऐन, २०१२ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समय सापेक्ष, परिमार्जन एवं संशोधन गरी नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा-शर्त सम्बन्धमा विभिन्न मितिमा भएका निर्देशनात्मक आदेश कार्यान्वयन गर्नका लागि विधेयक ल्याइएको हो ।

प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानुन, लोकतन्त्र र कानुनी शासन र मानवअधिकारप्रति प्रतिबद्ध, लैंगिक संवेदनशील, जबाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यावसायिक बनाउन विधयेक ल्याइएको गृहमन्त्री रमेश लेखकले बताएका छन् । उनले केही दिनअघि पत्रकार सम्मेलन गरेर मुलुकको शान्ति सुरक्षा, अमनचयन र सुशासनका लागि प्रहरी संगठन समय सापेक्ष, व्यवस्थित, सुदृढ र क्रियाशील बनाउने प्राथमिताका साथ कानुन परिमार्जन तथा संशोधन गर्न लागेको बताएका थिए । यद्यपि, उनले प्रदेश प्रहरी समायोजन गर्नेबाहेक केही उल्लेख गरेनन् ।

संघीय सदनमा नेपाल प्रहरीसम्बन्धी विधेयक पेस भएपछि सबै दलका सांसदहरूले स्वागत गरेका छन् । तर, नयाँ कानुनमा प्रदेश प्रहरी समायोजन, अधिकार, सेवा-शर्तलगायत विषयमा उल्लेख नभएको राज्य व्यवस्था तथा सुशासन समितिका एक सदस्यले बताए ।

उनले मध्यान्ह दैनिकसँग भने, ‘अहिले यो विधेयक सदनमा पेस भएको छ । संसद्मा आवश्यक छलफल र संशोधनका लागि ७२ घण्टाको समय दिइएको छ । संसद्बाट समितिमा आएपछि व्यापक छलफल हुने र अहिले राखिएका कतिपय अमिल्दा प्रावधाानहरू संशोधन गर्न सक्ने ठाउँ बाँकी नै छ ।’

विधयेकमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको ३० वर्षे सेवा अवधि हटाइने, कार्यालय सहयोगी र प्रहरी जवानले १६ वर्ष सेवापछि अवकाश लिन पाउने, प्रहरी सहायक हवल्दारदेखि प्रहरी नायब निरीक्षकसम्मले १८ वर्षे सेवा अवधि पछि अवकाश लिन पाउनेलगायतका विषय समेटिएको गृह मन्त्रालयले जनाएको छ ।

ईपेपर हेर्न

प्रहरी महानिरीक्षकको उमेर हद ६० वर्ष र सेवा अवधि ३ वर्ष राखिएको छ भने प्रहरी अतिरिक्त महानिरीक्षकको उमेर हद ५९ वर्ष र सेवा अवधि ३ वर्ष राखिएको छ ।

‘२०१२ सालमा बनेको प्रहरी ऐन ६९ वर्षसम्म सारभूत विषयमा नियावलीबाट चलेको थियो । अब विधयेक पारित भए नियमित कामकाजका साथै सेवा प्रवाहमा पनि सहज हुने छ’, गृहमन्त्री »» पृष्ठ २ मा

## के छ प्रस्तावित विधेयकमा ?

प्रस्तावित विधेयकमा आईजीपीको पदावधि ४ वर्षको सट्टा ३ वर्ष हुने छ । एआईजीको पदावधि ५ बाट ३ वर्ष, एसएसपीको ६ बाट ८ वर्ष र एसपीको १० वर्ष कायम गर्ने प्रस्ताव गरिएको छ । आईजीपीको ५८ बाट ६० वर्ष पुर्‍याइने छ भने एआईजी तथा डीआईजीको उमेर हद ५६ बाट ५९ वर्ष पुर्‍याइने छ ।

त्यस्तै, एसएसपी र एसपीको उमेर हद ५५ बाट ५८ वर्ष पुर्‍याउने व्यवस्था गरिएको छ । यसैगरी कार्यसम्पादन मूल्यांकनबापत ४० अंकबाट बढाएर ५० अंक बनाउने प्रस्ताव सरकारले गरेको छ ।

विधेयकमा ज्येष्ठताको पनि २२ अंकबाट २७ अंक बनाइने भएको छ । शैक्षिक योग्यताबापत पहिले १० अंक दिइन्थ्यो । विधेयकमा भने ३ वटा तहमा वर्गीकरण गरिएको छ ।

# एमसीसी परियोजना स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ ।

नेपालमा संचालित अमेरिकी सहायता परियोजना ‘मिलेनियम च्यालेन्ज कर्पोरेसन’ (एमसीसी)का सबै कार्यक्रम स्थगित भएका छन् ।

अर्थ मन्त्रालयले मंगलबार सूचना जारी गरी एमसीसीका सबै परियोजना हाललाई स्थगित भएको जनाएको छ ।

नेपाल र एमसीसीबीच २९ भदौ २०७४ मा सम्झौता भई परियोजना कार्यान्वयनको प्रक्रिया अघि बढेको थियो । एमसीसीअन्तर्गत अमेरिकाले करिब ६० अर्ब रुपैयाँ बराबरको अनुदान रकमको परियोजना सम्झौता गरेको थियो । सम्झौताअनुसार एमसीसीमार्फत नेपालमा प्रसारण लाइन र सडक निर्माणका काम अघि बढेको थियो ।

एमसीसी र नेपाल सरकारको रकमबाट अन्तरदेशीय प्रसारण लाइन र सडक स्तरोन्नति परियोजना अगाडि बढाइएको थियो । यो परियोजना ५ वर्षभित्र सक्नेगरी कामहरू धमाधम भइरहेका थिए । जग्गा अधिग्रहणलगायतका कामहरू भइरहेका बेला अनुदान रोकिएसँगै नेपालको संसद्ले समेत ठूलो कसरतका साथ अनुमोदन गरेको यो परियोजनाको भविष्य नै अन्योलमा परेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले २० जनवरीमा जारी गरेको कार्यकारी आदेशअनुसार एमसीसीबाट हुने भुक्तानीसहितका सबै गतिविधि ९० दिनका लागि स्थगित गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

दोस्रो पटक अमेरिकी राष्ट्रपति भएपछि डोनाल्ड ट्रम्पले सम्पूर्ण वैदेशिक सहायता ९० दिनसम्मका लागि रोक्ने आदेश दिएका थिए ।

एमसीसीले अर्थ मन्त्रालयलाई पत्राचार गरी ९० दिनका लागि परियोजना स्थगित भएको जानकारी गराएको छ ।

‘कम्प्याक्टअन्तर्गत कार्यान्वयन भइरहेका आयोजनाहरूसँग सम्बन्धित एमसीसी फन्डबाट भुक्तानी हुने सबै क्रियाकलापहरू अमेरिकी राष्ट्रपतिको जनवरी २० मा जारी ९० दिनको स्थगनसम्बन्धी कार्यकारी आदेशानुसार रोकिएको’ एमसीसीले अर्थ मन्त्रालयलाई २ फागुनमा इमेलमार्फत पठाएको पत्रमा उल्लेख छ ।

यसअघि यूएसएडसँग सम्बन्धित परियोजना पनि स्थगित भइसकेका छन् । तर, एमसीसीबारे अन्योल कायम रहेका बेला परियोजना नै स्थगन भएको हो ।

एमसीसी सम्झौताअनुसार कुनै एक पक्षले चाहेमा ९० दिनको समय दिएर सम्झौता रद्द गर्न सक्ने व्यवस्था छ । तर, अमेरिकाले स्थगनको पत्र पठाएर तत्कालै लागू हुनेगरी सम्झौता स्थगन गरेको हो ।

एमसीसी सम्झौताअनुसार कुनै एक पक्षले चाहेमा ९० दिनको समय दिएर सम्झौता रद्द गर्न सक्ने व्यवस्था छ । तर, अमेरिकाले स्थगनको पत्र पठाएर तत्कालै लागू हुनेगरी सम्झौता स्थगन गरेको हो

**वैदेशिक रोजगार विशेष**

# केयरगिभरमा छनोट भएका १३ जना उडे इजरायल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन ।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा केयरगिभरमा छनोट भएका १ हजारमध्ये १३ जना त्यसतर्फ उडेका छन् । १ वर्षअघि प्यालेस्टाइनी लडाकु समूह हमासले आक्रमण गरेपछि नेपाल सरकारले इजरायल जाने नेपाली कामदारको प्रक्रिया रोकेको थियो ।

इजरायल जान २ हजार ११२ जना नेपाली श्रमिक छनोट भएका थिए । त्यसमा १ हजार १५६ महिला र ९५६ जना पुरुष छन् ।

वैदेशिक रोजगार विभागले सोमबार पहिलो चरणमा १३ जनाको उडान भएको र छनोटमा परेका अन्य पनि क्रमशः जाने बताएको छ । करार अवधि ५ वर्षसम्म हुने र मासिक तलब करिब २ लाख २० हजार रुपैयाँ हाराहारी हुने भएकाले इजरायलको रोजगारीमा नेपाली आकर्षण उच्च छ । सोही आकर्षणका कारण अधिकाश युद्धका समयमा समेत नेपाल फर्किएनन् ।

इजरायलले नेपालसहित थाइल्यान्ड, फिलिपिन्स, चीन, भारत र श्रीलंकाबाट कामदार लगिरहेको छ । श्रीलंका र भारतबाट कृषिका लागि कामदार गएका छन् । गत भदौमै इजरायलले भारतबाट ५ हजार केयरगिभरसहित १५ हजार श्रमिक लैजाने प्रक्रिया अगाडि बढाएको थियो ।

नेपालले भने युद्धका कारण असुरक्षा बढेको भन्दै पठाउन लामो समय रोकेर गत ९ कात्तिकमा इजरायल रोजगारी खुल्ला गरेको हो । इजरायलमा हमासको लडाकुको आक्रमणमा १० नेपालीको मृत्यु भएको थियो भने हमासको अपहरणमा परेका विपीन जोशीको अवस्था अझैसम्म अज्ञात छ ।

## विदेश पठाइदन्छिु भन्दै ठग्ने २ पक्राउ

**काठमाडौं/मस–** आकर्षक तलबको वैदेशिक रोजगारमा सिंगापुर र चेक रिपब्लिक पठाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा प्रहरीले २ जनालाई पक्राउ गरेको छ । इलाका सूर्योदय नगरपालिका- १० घर भई हाल काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका- १० पेप्सीकोला बस्ने ३२ वर्षीय मिकेश सुवेदी र धादिङ त्रिपुरा सुन्दरी गाउँपालिका- ६ घर भई काठमाडौं महानगरपालिका- २ बस्ने ३७ वर्षीय सरन थापालाई पक्राउ गरेको प्रहरीले बताएको छ ।

वैदेशिक रोजगारीमा सिंगापुर पठाइदिने प्रलोभनमा पारेर १३ जनाबाट ७१ लाख १९ हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको जाहेरी परेको र सोही जाहेरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले »» पृष्ठ २ मा

# नेपालमा इन्टरनेट प्रयोगकर्ता साढे २ करोड

इन्टरनेट प्रयोगकर्ता बढेसँगै यसको माध्यमबाट व्यावसाय गर्नेहरु बढेका छन् । सरकारले पनि आईटी र सामाजिक संजालको माध्यमबाट हुने व्यापारलाई प्रोत्साहन गर्ने नीति लिएको छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

नेपालमा करिब ३ करोड जनसंख्या छ । यसमध्ये साढे २ करोड कुनै न कुनै रूपमा इन्टरनेट प्रयोगकर्ता रहेको सरकारी तथ्यांक छ । कसैले १ भन्दा बढी संचारका साधन प्रयोग गर्ने गरेका छन् । त्यस्तो जनसंख्या दोहोरो रूपमै गणना गर्ने गरिएको सरकारी अधिकारीहरू बताउँछन् ।

स्मार्ट फोनको प्रयोगले मोबाइलमा इन्टरनेट जोड्नेको संख्या उच्च दरमा बढेको हो । मोबाइल प्रयोगकर्ताले सिममार्फत इन्टरनेट चलाउने भएकाले अधिकांश मोबाइल प्रयोगकर्ता इन्टरनेट प्रयोगकर्तासमेत हुन पुगेका छन् । २ वटा मोबाइल प्रयोग गर्ने एकै व्यक्ति पनि इन्टरनेट प्रयोगकर्तामा २ पटक गनिन्छन् ।

नेपाल दूरसंचार प्राधिकरणका अनुसार नेपाल टेलिकम र एनसेल दुवैले सिममा इन्टरनेटको सहज पहुँचका लागि लगानी गरेका छन् । नेपाल टेलिकम र एनसेलको फोरजी प्रतिस्पर्धा छ, जसले गाउँसम्म इन्टरनेट सेवा विस्तार गर्नमा मद्दत पुगेको हो ।

इन्टरनेट प्रयोगकर्ता बढेसँगै यसको माध्यमबाट व्यवसाय गर्नेहरू बढेका छन् । सरकारले पनि आईटी र सामाजिक संजालको माध्यमबाट हुने व्यापारलाई प्रोत्साहन गर्ने नीति लिएको छ ।

उद्योग, बाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीका अनुसार सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सरकारले आवश्यक नीति अवलम्बन गरेको हो । यसअन्तर्गत सरकारले तयार पारेको इ-कमर्श विधेयक संघीय संसद्का दुवै सदनबाट पारित भएर अगाडि बढेको छ ।

मंगलबार विधेयक पारित गर्नु अगाडि मन्त्री भण्डारीले प्रतिनिधिसभामा बोल्दै सरकारले आईटी र सामाजिक संजालको माध्यमबाट हुने व्यापारलाई प्रोत्साहन गर्ने नीति लिएको बताएका हुन् ।

इ-कमर्श विधेयक ऐनमा रूपान्तरित भएसँगै अनलाइनबाट हुने सेवा तथा वस्तुको व्यापार करको दायरामा आउँछन् ।

उनी भन्छन्, ‘अनलाइनबाट हुने खरिद-विक्री व्यवस्थित हुने छ । अनलाइनबाट हुने व्यापार गर्न चाहने प्लेटफर्महरू दर्ता हुनुपर्छ । अनलाइनमा विक्रीका लागि राखिएका सामग्रीको मूल्य, ढुवानी शुल्क, समय, ग्यारेन्टी वा वारेन्टी भए/नभएको खुलाउनुपर्छ ।’ यदि कुनै वस्तु वा सेवा अनलाइनको »» पृष्ठ २ मा

## राज्य सरकारले बनायो उच्चस्तरीय छानबिन समिति

# केआईआईटीले माग्यो माफी

पोस्टमार्टम प्रतिवेदन आउन बाँकी छ तर हामीलाई थाहा छ, यसलाई भावनात्मक ब्ल्याकमेल गरेर आत्महत्या गर्न बाध्य पारिएको हो

**सुनिल लम्साल**
मृतकका बुबा



*उडिसामा केआईआईटीका पदाधिकारीसँग छलफलमा दिल्लीस्थित नेपाली दूतावासका अधिकारीहरू । तस्बिर : नेपाली दुतावास, दिल्ली*

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

भारतको उडिसा राज्यस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी)मा भएको नेपाली छात्रा प्रकृति लम्साल मृत्यु प्रकरण संसद्का दुवै सदनमा पुगेको छ »» पृष्ठ २ मा

## संसद्मा उठ्यो आवाज

सांसदहरूले भारतमा अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिका लागि कूटनीतिक र राजनीतिक पहल तत्काल थाल्न सरकारको ध्यानाकर्षण गराएका छन् । »» पृष्ठ २ मा



# सुशासनमार्फत मुलुकमा समृद्धि ल्याउन सरकार कटिबद्ध : मन्त्री गुरुङ

**लमजुङ/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सुशासनका माध्यमबाट मुलुकमा समृद्धि ल्याउन सरकार कटिबद्ध रहेको बताएका छन् ।

लमजुङ बेसीशहर नगरपालिका-७ स्थित सहजी खेलमैदानमा मंगलबार जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको 'प्रथम लमजुङ खेलकुद तथा सांस्कृतिक महोत्सव'को उद्घाटन गर्दै मन्त्री गुरुङले सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण जरुरी रहेको बताए । अहिलेसम्म



बिग्रिएका सबै कुराको सुधार गर्दै मुलुकलाई सही दिशातर्फ प्रेरित गर्न सरकार अग्रसर भएको उनले बताए ।

उनले भने, 'हामी आर्थिक सुधार गर्ने चरणमा छौँ । यो सरकारले राम्रा काम गरिरहेको छ ।' पुँजीगत खर्च धेरै बढाउने र रोकिएका विकासका कार्य निर्माणमा जोड दिन अहिलेको सरकार केन्द्रित रहेको उनले बताए । सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले लमजुङ खेलकुद र संस्कृतिका हिसाबले धनी जिल्ला भएको उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धन आवश्यक रहेको बताए ।

देशलाई राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरसम्म चिनाउन खेलकुद अत्यन्त महत्वपूर्ण विधा भएको मन्त्री गुरुङले बताए । उनले जिल्लामा यस्ता महोत्सवबाट लुकेका प्रतिभा पहिचान गर्न मद्दत पुग्ने उल्लेख गरे । भ्रष्टाचार नियन्त्रण गर्न नीतिगत सुधार गर्न जरुरी रहेको मन्त्री गुरुङको भनाइ थियो ।

### समायोजनमा...

लेखकले भने । संसद्मा दर्ता गरिएका विधयेकमा नेपाल प्रहरी सेवाको गठन, प्रशासन र संचालन, प्रहरी महानिरीक्षकको नियुक्ति, काम, कर्तव्य र अधिकार, प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, तलब, बढुवा, भत्ता तथा अन्य सुविधा, उपदान तथा निवृत्तिभरण, आचरण, विभागीय सजाय तथा पुनरावेदन, मुद्दाको अनुसन्धान र दायरी, प्रहरी विशेष अदालत तथा बिदासहितको व्यवस्था समावेश गरिएको छ ।

त्यसैगरी सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानुनी प्रावधानलाई समय सापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा-शर्त सम्बन्धमा आदेश कार्यान्वयन गर्नुका साथै सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन तथा मानवअधिकारप्रति प्रतिबद्ध, व्यावसायिक र प्रभावकारी बनाउनका लागि विधेयक ल्याइएको बताइएको छ ।

प्रदेश प्रहरी समायोजनलगायत प्रहरी संगठनका समस्या समाधान एउटै प्रहरी कानुनले मात्र सम्भाव नहुने नेपाल प्रहरीका पूर्व प्रहरी नायब महानिरीक्षक (डीआईजी) हेमन्त मल्लले बताए । 'हामी प्रहरी ऐनमै सबै समस्याको समाधान खोज्दै छौं', उनले मध्यान्हसँग भने, 'एउटै ऐनले सबै समस्या समाधान हुँदैन । गृह मन्त्रालयअन्तर्गतका धेरै ऐनहरूले यस विषयमा काम गरेका हुन्छन् । कतिपय स्थानीय प्रशासन ऐनले काम गरेका छन् । त्यस कारण प्रहरीभित्रका समस्या समाधानमा अन्य कानुनले पनि काम गर्न सक्नुपर्छ ।'

शान्ति, सुरक्षा एवं सुव्यवस्था, विपद् व्यवस्थापन, सीमा सुरक्षा, सीमा अपराध नियन्त्रणलगायतका काममा परिचालन गर्नका लागि सशस्त्र प्रहरीसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधयेक ल्याइएको गृह मन्त्रालयले जनाएको छ । नेपालको संविधानले परिकल्पना गरेबमोजिम प्रहरी संगठनलाई प्रादेशिक क्षेत्राधिकार तथा प्रदेश प्रहरीसम्म विस्तारसहितको संवैधानिक मर्म अनकूल हुनेगरी अघि बढेको मन्त्रालयको दाबी छ ।

### नेपालमा...

डिस्प्लेमा राखिएबमोजिम सामग्री नभए क्रेताको पैसा फिर्ता गर्नुपर्छ । अन्यथा, यो दण्डनीय हुन्छ ।

अलिबाबा कम्पनीले आफ्नो उत्पादनलाई संसारभर पु¥याउन इ-विजनेसमार्फत प्रोत्साहन गरेको थियो । अलिबाबाले मात्र हाल २ लाख १५ हजार बढीलाई रोजगारी दिइरहेको छ ।

वर्तमानमा संसारभरको खुद्रा व्यापारमा इ-कमर्सले २० प्रतिशत बढी हिस्सा ओगटेको छ । इ-कमर्सको बढ्दो प्रवृत्ति आर्थिक सशक्तीकरणको माध्यम बनिरहेको छ ।

इ-कमर्सको विकाससँगै उपभोक्ताहरू ठगिने, डाटा चोरी हुने र आपूर्ति शृंखलामा समस्या देखापरिरहेको पृष्ठभूमिमा नेपालले पनि यससम्बन्धी ऐन बनाएको हो ।

अधिकांश सरकारी कार्यालयहरूमा सरकारले पनि इन्टरनेट पु¥याएको छ । गाउँका स्वास्थ्य चौकी, विद्यालयलगायतमा सरकारले इन्टरनेट सेवा पु¥याएको छ ।

### विदेश...

सरनलाई काठमाडौं तीनकुनेबाट पक्राउ गरेको बताएको छ । त्यस्तै, १ जनालाई चेक रिपब्लिक पठाइदिने भनी २ लाख ५० हजार लिएको उजुरीका आधारमा सुवेदीलाई पक्राउ गरेको हो ।

उनीहरू दुवै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको काठमाडौ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले बताएको छ ।

### केआईआईटीले...

भने त्यहाँको राज्य सरकारले घटनाको छानबिन गर्न उच्चस्तरीय समिति बनाएको छ ।

घटनाको भारतमा पनि व्यापक विरोध भइरहँदा केआईआईटीले नेपाली विद्यार्थीहरूमाथि भएको दमनको विषयमा माफी माग्दै त्यहाँ कार्यरत उच्च तहका प्रशासनिक अधिकारीसहित सुरक्षा गार्डलाई निलम्बन गरेको छ । साथै, नेपाली विद्यार्थीलाई खर्चसहित फर्काउन पनि तयार भएको छ ।

घटनाको तीव्र विरोध भएपछि केआईआईटीले २ जना सुरक्षा कर्मचारीलाई बर्खास्त गरेको, २ जना बरिष्ठ होस्टेल अधिकारी र अन्तर्राष्ट्रिय सम्बन्ध कार्यालय (आईआरओ)का १ जना बरिष्ठ प्रशासनिक अधिकारीलाई पूर्ण अनुसन्धानका लागि निलम्बन गरिएको मंगलबार जानकारी दिएको छ ।

आइतबार केआईआईटी विश्वविद्यालयको छात्रा होस्टेलमा बीटेक तेस्रो वर्षमा अध्ययनरत २० वर्षीया लम्साल मृत अवस्थामा भेटिएकी थिइन् । उनको मृत्यु शंकास्पद छ । घटनामा प्रहरीले १ जना छात्रलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा प्रकृतिकै सहपाठी उत्तर प्रदेशका एडविक श्रीवास्तव छन् । उनीमाथि अनुसन्धान भइरहेको छ ।

लम्साल मृत भेटिएपछि उनको मृत्यु अस्वाभाविक भएको भन्दै त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरूले आन्दोलन गरेका थिए ।

विश्वविद्यालयको लापरबाहीका कारण नेपाली छात्रा लम्सालको मृत्यु भएको भन्दै नेपाली विद्यार्थीहरू आन्दोलित भएपछि केआईआईटी प्रशासनले सोमबार नेपाली विद्यार्थीलाई तत्काल क्याम्पस खाली गर्न उर्दी जारी गरेको थियो ।

विद्यार्थीले विश्वविद्यालय छाड्न नमानेपछि ५०० भन्दा बढी नेपाली विद्यार्थीलाई होस्टेलबाट जर्बजस्ती उठाएर विभिन्न रेल स्टेसनमा लगेर छाडिएको थियो । नेपाली विद्यार्थीमाथि लछारपछार गर्दै कुटपिटसमेत भएको पीडित विद्यार्थीहरूले जनाएका छन् ।

#### समिति गठन

उडिसा राज्य सरकारले नेपाली छात्राको मृत्यु भएको सम्बन्धमा अनुसन्धान गर्न उच्चस्तरीय समिति गठन गरेको छ ।

समितिमा राज्य सरकारको गृह विभागका अतिरिक्त मुख्य सचिव, महिला तथा बाल विकास विभागका प्रमुख सचिव र उच्च शिक्षा विभागका आयुक्त (सहसचिव) सदस्य छन् । प्रकृतिको फोन, ल्यापटप र डायरी फरेन्सिक विभागलाई बुझाइसकिएको र प्रहरीले अनुसन्धान गरिरहेको छ ।

'सरकारले गठन गरेको उच्चस्तरीय तथ्य खोजी समितिको निष्कर्षको आधारमा उपयुक्त कानुनी र प्रशासनिक कारबाही गरिने छ', राज्य सरकारले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

केआईआईटी विश्वविद्यालयसँग सम्बन्धित हालैको दुर्भाग्यपूर्ण घटनालाई ध्यानमा राखिएको र तुरुन्तै सुरक्षा गार्डहरूलाई पक्राउ गर्न र गल्ती गर्ने अधिकारीहरूलाई निलम्बन गर्न कदम चालिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

'निजी व्यक्तिहरूद्वारा विद्यार्थीहरूविरुद्ध बल प्रयोगलगायतका दुर्व्यवहारका घटनाहरूको अनुसन्धान भइरहेको छ र जिम्मेवारहरूलाई कानुनअनुसार जबाफदेही बनाइने छ', राज्य सरकारले भनेको छ ।

उडिसा सरकार प्रत्येक विद्यार्थीको सुरक्षा र हित सुनिश्चित गर्न प्रतिबद्ध रहेको पनि जनाएको छ । त्यस्तै, स्थानीय व्यक्तिहरूले पनि नेपाली विद्यार्थीमाथि बल प्रयोग गरेको विषयमा अनुसन्धान भइरहेको जानकारी दिएको छ । गल्ती गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता उडिसा सरकारले गरेको छ ।

#### विद्यार्थी फर्काउन तयार

चर्को दबाबपछि केआईआईटीले नेपाली विद्यार्थीलाई सम्मानजनक व्यवहारका साथ अध्ययनमा फर्काउन तयार भएको छ ।

नयाँ दिल्लीस्थित नेपाली दूतावासका अधिकारीहरूको टोली, नेपाली विद्यार्थीका प्रतिनिधि र कलेज व्यवस्थापनसँगको त्रिपक्षीय छलफलपछि केआईआईटीले नेपाली विद्यार्थी फर्काउन सहमत भएको हो ।

सहमतिअनुसार छात्रावासबाट बलजफ्ती निकालिएका नेपाली विद्यार्थीलाई कलेजमा फर्किंदा लाग्ने खर्च कलेजले नै बेहोर्ने छ । यस्तै, प्रत्येक विद्यार्थीका परिवार एवं अभिभावकलाई सम्पर्क गरेर बोलाउने पनि कलेज तयार भएको छ ।

नयाँ दिल्लीस्थित नेपाली दूतावासका प्रहरी काउन्सिलर सञ्जीव शर्मा दास र नवीनराज अधिकारी, केआईआईटील संस्थापक अध्यक्ष अच्युत सामन्त र विद्यार्थीका प्रतिनिधि बसेर यस्तो सहमति भएको हो । छलफलमा विद्यार्थीले राखेका माग पूरा गर्न कलेज सहमत भएको प्रहरी काउन्सिलर दासले जानकारी दिए ।

छात्रावासमा शान्तिपूर्वक बस्न पाउनुपर्ने, घर गएका विद्यार्थीको आउने-जाने टिकट कलेजले बेहोर्नुपर्ने, कलेजमा सम्मानजनक व्यवहार हुनुपर्ने, सुरक्षाको ग्यारेन्टी हुनुपर्नेलगायत माग विद्यार्थीले राखेका थिए ।

सामन्तले घटनाप्रति दुःख व्यक्त गर्दै माफी मागेका थिए । र, विद्यार्थीका माग पूरा गर्ने प्रतिबद्धता पनि जनाएका थिए ।

यसैबीच, नयाँ दिल्लीस्थित नेपाली दूतावासले कलेजको अवस्था सामान्य रहेको जनाएको छ । दूतावासबाट खटाइएका पदाधिकारीहरू उडिसा पुगेर त्यहाँ भएका विद्यार्थीहरूलाई भेटेको र सम्बन्धित शैक्षिक संस्थाका पदाधिकारीसँग समेत छलफल गरेको जनाएको छ ।

छलफलकै बीचमा परराष्ट्रमन्त्री डा. आरजु राणाले समेत शैक्षिक संस्थाका पदाधिकारीहरूसँग फोनमा कुराकानी गरेकी थिइन् ।

यसैगरी, दिल्लीस्थित नेपाली राजदूत शंकर शर्माले पनि कलेजका संस्थापक अध्यक्ष सामन्तसँग कुराकानी गरेका थिए ।

घटनाबारे अध्यक्ष सामन्तले घटनाबारे सार्वजनिक रूपमा माफी मागिएको र केही सुरक्षा गार्ड तथा कर्मचारीमाथि कारबाही गरिएको जानकारी राजदूत शर्मालाई गराएका थिए ।

#### आज शव ल्याइदै

लम्सालको शव बुधबार नेपाल ल्याइने भएको छ । उडिसास्थित प्रहरी, केआईआईटी प्रशासन र प्रकृतिका बाबु सुनिल लम्सालबीच भएको छलफलमा उनको शव नेपाल ल्याउने सहमति भएको दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

मृतकका बाबु सुनिलले आफ्नी छोरीलाई 'ब्ल्याकमेल' गरेर आत्महत्या गर्न बाध्य पारिएको प्रतिक्रिया दिएका छन् । 'पोस्टमार्टम प्रतिवेदन आउन बाँकी छ तर हामीलाई थाहा छ, यसलाई भावनात्मक ब्ल्याकमेल गरेर आत्महत्या गर्न बाध्य पारिएको हो', उनले स्थानीय संचार माध्यमसँग भनेका छन् ।

#### एनओसी रोक्ने चेतावनी

शिक्षा मन्त्रालयले केआईआईटीमा भएको घटना र समस्याको न्यायपूर्ण समाधान नगरिए वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) रोक्ने चेतावनी दिएको छ ।

शिक्षा मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गर्दै उडिसा राज्यका विश्वविद्यालय र शिक्षण संस्थामा अध्ययनका लागि प्रदान गर्दै आएको एनओसी रोक्न सकिने जनाएको हो । मन्त्रालयले त्यहाँ समस्यामा परेका विद्यार्थीलाई सहयोग गर्न सहायता कक्षसमेत स्थापना गरेको जनाएको छ । मन्त्रालयका उपसचिवको नेतृत्वमा कक्षा स्थापना गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले भारतका विश्वविद्यालयमा पढ्ने हजारौं नेपाली विद्यार्थीमा उत्पन्न हुन सक्ने त्रास, अन्योल, मनोविज्ञानमा पर्ने प्रभावलाई समेत ख्याल गरी केआईआईटीको पठनपाठन पूर्ववत् संचालन गराउने व्यवस्था मिलाउन भारत सरकारको समेत ध्यानाकर्षण गराएको छ ।

### संसद्मा...

प्रतिनिधिसभाको बैठकको आकस्मिक समयमा उनीहरूले केआईआईटीमा अध्ययनरत छात्रा प्रकृति लम्सालको मृत्यु घटनाको विषय उठाएका थिए । घटनाको छानबिन र त्यहाँ अध्ययनरत अन्य विद्यार्थीको सुरक्षाका लागि भारत सरकारसँग समन्वय गर्न उनीहरूले सरकारलाई आग्रह गरे ।

सांसदहरू छविलाल विश्वकर्मा, माधव सापकोटा, ध्रुवबहादुर प्रधान, ठाकुर गैरेले लम्सालको रहस्यमय मृत्युबारे छानबिन, दोषीमाथि कारबाही तथा केआईआईटी विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिको माग गरेका हुन् ।

यस्तै, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले पनि घटनाका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

मंगलबार राष्ट्रियसभाको बैठकको आकस्मिक समयमा सांसदहरूले यसबारेमा प्रश्न उठाएका थिए । त्यसपछि अध्यक्ष दाहालले लम्सालको रहस्यमय मृत्युको विषयले सभाको गम्भीर ध्यानाकर्षण भएको बताएका हुन् ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०४/०५ मा दर्ता भएको **प्रा.लि.नं. ३१५४६६** को **नाइन्टिन फाउनटिन कलेक्सन प्रा.लि.**को मिति २०८१/११/०५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४ त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

# आज ७५ औँ प्रजातन्त्र दिवस

**काठमाडौं/मस–** ७५ औँ प्रजातन्त्र दिवस बुधबार देशभर विविध कार्यक्रम गरी मनाइँदैछ । जनक्रान्तिका माध्यमबाट एक सय चार वर्षको राणाशासन अन्त्य गरी देशमा प्रजातन्त्र घोषणा भएको दिनको स्मरणमा सरकारले औपचारिक समारोहका साथ दिवस मनाउँदै आएको छ ।

प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै मुलुकमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको छ । प्रजातन्त्र स्थापनाका लागि भएको संघर्षमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठले विसं १९९७ माघमा बलिदानी दिएका थिए । प्रजापरिषद् नामक राजनीतिक दल भूमिगत रूपमा स्थापना गरी प्रजातन्त्र स्थापनाका लागि जनतामा जागरण ल्याएको अभियोगमा उनीहरुलाई तत्कालीन राणा शासकले मृत्युदण्ड दिएको थियो ।



जहाँनियाँ राणा शासनविरुद्ध जनताले आन्दोलन गरी रगत बगाएपछि राणा शासक जनतासमक्ष घुँडा टेक्न बाध्य भइ २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको घोषणा गरिएको थियो ।

तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र कांग्रेस सम्मिलित सरकार गठन भइ नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भयो । फागुन ७ मा प्रजातन्त्र स्थापना भएको सम्झनामा सरकारले केन्द्रमा प्रत्येक वर्ष राजधानीको टुँडिखेलमा औपचारिक कार्यक्रमको आयोजना गरी विशेषरूपमा यो दिवस मनाउँदै आएको छ । सबै जिल्लामा पनि यो दिवस मनाइँदै आएको छ । नवौँ निर्वाचन दिवस मनाइँदै नेपालमा आमनिर्वाचन प्रारम्भ भइ बालिग नेपालीले आफ्नो मताधिकार उपयोग गर्न पाएको महत्त्वपूर्ण दिनको सम्झनामा बुधबार नवौँ निर्वाचन दिवस मनाइँदैछ । मुलुकमा प्रजातन्त्र स्थापनाको आठ वर्षपछि विसं २०१५ फागुन ७ गते आमनिर्वाचन भएको थियो ।

संवैधानिक अंगका रूपमा रहेको निर्वाचन आयोगले स्थानीय तहदेखि राष्ट्रपतिसम्मको निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्षरूपमा गराउँदै आएको छ । आयोगले वर्तमान संविधान जारी भएपछि दुई पटक प्रतिनिधिसभा तथा प्रदेशसभा र स्थानीय तहको आवधिक निर्वाचन, तीन पटक राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रियसभा सदस्यको विभिन्न निर्वाचन र उपनिर्वाचन सम्पन्न गरिसकेको छ । उक्त निर्वाचनमार्फत् जनप्रतिनिधि निर्वाचित भइ जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक संघीय शासन प्रणालीको सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह भइरहेको छ ।

**प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

## मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

**मंगलबारे उर्लाबारी मोरङ, कोशी प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/११/०७**

यस कार्यालयबाट मिति २०८१/०७/२८ गते मध्यान्ह राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आवहानको सूचनाअनुसार निर्धारित समय र मितिमा www.bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलापत्र तथा प्राप्त नमुनाहरुको प्राविधिक, कानुनी र आर्थिक पक्षको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएअनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | Invitation for Bid No.:_ MBHTC/MORANG/GOODS/NCB-4/2081/2082 | | |
|---|---|---|---|
| बोलपत्रदाताको नाम | श्री सर्जि इम्पेक्स , बिराटनगर मोरङ | | कबोल अंक (मु.अ. कर बाहेक) |
| सि. न. | आइटमवाइज सामग्रीको बिवरण | इकाई | |
| 1 | 3 way cannula | थान | 14.00 |
| 2 | ankle binder | थान | 110.00 |
| 3 | Finger splint all size | थान | 90.00 |
| 4 | Knee brace long- XL/L/M/S | थान | 720.00 |
| 5 | Knee cap (all sizes) | थान | 200.00 |
| 6 | Lumber support belt (all sizes) | थान | 450.00 |
| 7 | Plaster of paris -4 " | थान | 68.00 |
| 8 | Plaster of paris -6" | थान | 90.00 |
| 9 | Gloves loose nitrile (different sizes) | Box | 600.00 |
| 10 | Mask 1*50 | Box | 120.00 |
| 11 | Gauze roll bandage 4 inch | Roll | 6.00 |
| 12 | Gauze roll bandage 6 inch | Roll | 9.00 |
| 13 | ECG chest lead | थान | 6.00 |
| 14 | Examination gloves 1*100 | Box | 340.00 |
| 15 | Sterile Gloves | Pairs | 20.00 |
| 16 | Gauze Than | थान | 265.00 |
| 17 | USG gel 5Ltr. | Jar | 600.00 |
| 18 | Spirit 400ml | Bottle | 76.00 |
| 19 | Nebu Mask Adult/Child | Pc | 60.00 |
| 20 | Suction Catheter (6/10/10/12/14/16/18 FR) | Pc | 16.00 |
| 21 | Cast Padding 4" | Pc | 60.00 |
| 22 | Cast Padding 6" | Pc | 70.00 |
| 23 | Transflow IV Set | Pc | 32.00 |
| 24 | Spirometry | Pc | 180.00 |
| 25 | Drainage Bag (For Chest Tube) | Pic | 81.00 |

| ठेक्का नं. | Invitation for Bid No.:_ MBHTC/MORANG/GOODS/NCB-4/2081/2082 | | |
|---|---|---|---|
| बोलपत्रदाताको नाम | श्री सर्जिकल , बिराटनगर मोरङ | | कबोल अंक (मु.अ. कर बाहेक ) |
| सि. न. | आइटमवाइज सामग्रीको बिवरण | इकाई | |
| 1 | Cannula fixator small | थान | 9.00 |
| 2 | Cannula fixator medium | थान | 9.00 |
| 3 | Cannula fixator large | थान | 9.00 |
| 4 | Crutches different sizes | थान | 925.00 |
| 5 | Elbow splint (all sizes) | थान | 368.00 |
| 6 | Anti-embolism above knee stocking | थान | 1100.00 |
| 7 | Urobag | थान | 50.00 |
| 8 | catgut All Size (Round / Cutting) | थान | 180.00 |
| 9 | vicryl All Size (Round / Cutting) | थान | 425.00 |
| 10 | Surgical Cap | थान | 2.00 |
| 11 | IV Infusion Set | थान | 17.00 |
| 12 | surgical blade All Size | थान | 4.00 |
| 13 | Gluco Strip 1*50 | Pkt | 900.00 |
| 14 | Lancet 1*100 | Pkt | 98.00 |
| 15 | Sterilized Skin Stapler 35W | Set | 650.00 |

| ठेक्का नं. | Invitation for Bid No.:_ MBHTC/MORANG/GOODS/NCB-4/2081/2082 | | |
|---|---|---|---|
| बोलपत्रदाताको नाम | इन्दु सर्जिकल एण्ड केमिकल सप्लायर्स, दमक झापा | | कबोल अंक (मु.अ. कर बाहेक ) |
| सि. न. | आइटमवाइज सामग्रीको बिवरण | इकाई | |
| 1 | Cervical hard collar | थान | 242.00 |
| 2 | Crepe bandage - 4" | थान | 21.00 |
| 3 | Crepe bandage - 6" | थान | 32.00 |
| 4 | IV Cannula + IV set | थान | 9.50 |
| 5 | Shoulder immobilizer- XL/large/medium/small | थान | 374.00 |
| 6 | Prolene All Size ( Round / Cutting) | थान | 287.00 |
| 7 | PMO line ( Leur Lock) | थान | 29.00 |
| 8 | baby cord clamp | थान | 4.38 |
| 9 | Yankauer's suction | Pc | 108.00 |
| 10 | Oxygen Mask(Adult/Child) | Pc | 49.00 |
| 11 | NG Tube (4/5/6/8/10/12/14/16/18 FR) | Pc | 17.95 |
| 12 | Nasal Cannula | Pc | 33.00 |
| 13 | Zig Zag Cotton 100gm | Pc | 54.00 |

| ठेक्का नं. | Invitation for Bid No.:_ MBHTC/MORANG/GOODS/NCB-4/2081/2082 | | |
|---|---|---|---|
| बोलपत्रदाताको नाम | मेडिपोइन्ट इन्टरनेशनल प्रा लि , गैरीधारा काठमाण्डौं | | कबोल अंक (मु.अ. कर बाहेक ) |
| सि. न. | आइटमवाइज सामग्रीको बिवरण | इकाई | |
| 1 | Arm sling strap | थान | 126.50 |
| 2 | Arm sling-large/medium/small | थान | 241.50 |
| 3 | Cervical collar soft- XL/L/M/S | थान | 241.50 |
| 4 | Extended forearm splint- XL/L/M/S | थान | 402.50 |
| 5 | Frog splint- L/M/S | थान | 92.00 |
| 6 | Lumber corset ( all sizes) | थान | 477.25 |
| 7 | Syringes- 10 cc disposable (with or without leur lock) 1*100 | Box | 462.30 |
| 8 | Wrist splint right/left | थान | 339.25 |
| 9 | USG thermal Paper | Roll | 950.00 |

| ठेक्का नं. | Invitation for Bid No.:_ MBHTC/MORANG/GOODS/NCB-4/2081/2082 | | |
|---|---|---|---|
| बोलपत्रदाताको नाम | एम डी एस सर्जिकल प्रा.लि. , बनस्थली काठमाण्डौं | | कबोल अंक (मु.अ. कर बाहेक ) |
| सि. न. | आइटमवाइज सामग्रीको बिवरण | इकाई | |
| 1 | Cotton roll 300gm | थान | 139.00 |
| 2 | Syringe (disposable) 3 ml 1*100 | Box | 224.69 |
| 3 | Syringe (disposable) 5 ml 1*100 | Box | 259.00 |

**कार्यालय प्रमुख**

# प्रधानमन्त्री समक्ष संस्कृत विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन पेश



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल संस्कृत विश्वविद्यालयको जग्गा खोजबिन समितिले मंगलबार आफ्नो प्रतिवेदन हस्तान्तरण गरेको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा सो समितिका संयोजक शेखरप्रसाद पौडेलले विश्वविद्यालयको विद्यमान जग्गाहरूको उपयोग, अतिक्रमणको अवस्था र अतिक्रमण हटाउन चालिनुपर्ने कदमका विषयमा सुझावसहितको प्रतिवेदन कुलपति ओलीलाई बुझाएका हुन्।

नेपाल सरकार (मन्त्रिपरिषद्) को गत असार २० गतेको निर्णयबाट उच्च अदालतका पूर्वन्यायाधीश पौडेलको संयोजकत्वमा पाँच सदस्यीय जग्गा खोजबिन समिति गठन गरिएको थियो। समितिले दाङमा रहेको विश्वविद्यालयको कूल एक हजार छ सय ६२ बिघा जग्गा रहेको र देउखुरी क्षेत्रमा एक हजार तीन सय ३६ बिघामध्ये नौ सय १० बिघा अतिक्रमण भइ २०५९ देखि ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त नगरेको पाइएको बताए।

सोही क्षेत्रमा विश्वविद्यालयको दुई सय बिघा जमिन राप्ती नदीले कटान गरेको पाइएको छ। संयोजक पौडेलले जग्गालाई उपयोगमा ल्याउन भाडामा दिन सकिने र अतिक्रमण हटाउन सरकार र राजनीतिक दलको सहयोग आवश्यक हुने सुझाव दिए।

प्रधानमन्त्री ओलीले प्रतिवेदन ग्रहण गर्दै अध्ययन र छलफल गरेर आवश्यक प्रक्रिया अघि बढाउने विश्वास दिलाउँदै विश्वविद्यालयहरूमा तालाबन्दी र अतिक्रमणजस्ता अवाञ्छित क्रियाकलाप रोकिनुपर्नेमा जोड दिए। प्रतिवेदन हस्तान्तरणका अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई पनि सहभागी थिए।

# अर्घाखाँची अस्पताल लुम्बिनी प्रदेशमै दोस्रो



**सन्धिखर्क/मस–** अर्घाखाँची अस्पताल लुम्बिनी प्रदेशमा उत्कृष्ट कार्य सम्पादन गरी दोस्रो हुन सफल भएको छ।

न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रम (एम एसएस) अन्तर्गत मंगलबार अर्घाखाँची अस्पतालको अनुगमन मूल्यांकन तथा समीक्षा कार्यक्रममा प्रदेशबाट खटिएको विज्ञहरूको टोलीले मूल्यांकन गरी अस्पतालले प्रदेशमा दोश्रो स्थान प्राप्त गरेको घोषणा गरेको अस्पतालका प्रमुख डाक्टर जगन्नाथ तिवारीले जानकारी दिए।

अहिलेसम्म लुम्बिनी प्रदेशका १३ अस्पतालहरुको अनुगमन मूल्यांकन गर्दा अर्घाखाँची अस्पताल ९४ प्रतिशत अंक प्राप्त गरेको छ भने अनुगमन मूल्यांकनमा बर्दिया अस्पताल ९७ अंक प्राप्त गरी लुम्बिनी प्रदेशमा पहिलो स्थानमा छ। कार्यक्रम लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयको आयोजना अस्पताल विकास समिति सदस्य तथा सन्धिखर्क नगरपालिका प्रमुख कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो।

कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख जीवनारायण कोइरालाले उत्कृष्ट कार्य सम्पादन गरी अस्पताललाई उचाईमा पुऱ्याउन महत्वपूर्ण भूमिकाप्रति अस्पताल प्रमुख डा.जगन्नाथ तिवारी र सम्पूर्ण स्वास्थ्यकर्मी, कर्मचारीहरू साथै निक्स साइमन संस्थालाई बधाइ तथा धन्यवाद दिएका थिए।

उनले स्वास्थ्यकर्मीलाई मुस्कानसहितको सेवा प्रदान गर्न आग्रह गरे। कोइरालाले अस्पतालको भौतिक संरचना निर्माण र दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापनमा प्रतिबद्ध भएर लागेको बताए। अस्पतालका कार्य प्रगति र समस्याका विषयमा अस्पताल प्रमुख जगन्नाथ तिवारीले प्रस्तुतीकरण गरेका थिए।

मुल्यांकन टोलीका प्रमुख पृथ्वीचन्द्र अस्पताल नवलपरासीका प्रमुख डा.नरूल मोहम्मद होदाले अस्पतालका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूको बारे चर्चा गर्दै २ दिने अनुगमन मूल्यांकनबाट प्राप्त विवरण प्रस्तुत गरेका थिए। कार्यक्रम समापन मन्तव्य राख्दै नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले अस्पतालको विकासको निम्ति सम्बन्धित निकायमा आवाज उठाएको र नगरबाट पनि आवश्यकीय सहयोग प्रदान गर्दै आएको बताए।

# चितवनमा पीभीटीसी सेलेक्ट कक्षा सुरु

**काठमाडौं/मस–** जीवनभरि सिकाउने वैश्विक कम्पनी पिअर्सनले चितवनमा नयाँ पिअर्सन भीयूई टेस्ट सेन्टर सेलेक्ट (पीभीटीसी सेलेक्ट) सुरु गरेको छ।

केन्द्रको रणनीतिक स्थितिले नेपालमा पिअर्सन टेस्ट अफ इङ्गिलस (पीटीई) को पहुँच बढाउने भने यसले अन्तर्राष्ट्रिय स्तरमा शिक्षाको अवसर खोज्ने विद्यार्थीहरूलाई सहयोग गर्नेछ।

पीभीटीसी सेलेक्ट केन्द्रहरू १०० भन्दा बढी देशहरूमा स्वतन्त्र रूपमा सञ्चालित छन्। यी केन्द्रहरूमा उच्चस्तरको पहिचान प्रमाणीकरण प्रणाली र निगरानी प्रविधि प्रयोग गरिन्छ। जसले पीटीई दिने परीक्षार्थीहरूलाई सुरक्षित र विश्वासिलो वातावरण प्रदान गर्दछ।

एस टेस्टिङ हबद्वारा सञ्चालित चितवनको नयाँ १० आसनको परीक्षण केन्द्रले लचिलो र भरपर्दो परीक्षण अनुभव प्रदान गर्दछ। जसले विदेशमा अध्ययन वा काम गर्न चाहने व्यक्तिहरूलाई सहयोग पुऱ्याउँछ।

नयाँ केन्द्रको उद्घाटनबारे टिप्पणी गर्दै पिअर्सन, इङ्गिलस ल्याङ्वेज लर्निङका दक्षिण एशिया रिजिअनल डाइरेक्टर प्रभुल रवीन्द्रनले भने, 'नेपालमा हाम्रो उपस्थितिलाई अझै दह्रो बनाउने क्रममा चितवनको नयाँ पिअर्सन भीयूई टेस्ट सेन्टर सेलेक्ट यस क्षेत्रका टेस्टमा बस्नेहरूका लागि सम्पर्क र समर्थन वृद्धि गर्ने अटल प्रतिबद्धताको प्रतीक हो। यस विस्तारले नेपाली परीक्षार्थीहरूको

Pearson

बढ्दो आवश्यकता पूरा गर्न अझ सहज र भरपर्दो परीक्षण सेवा प्रदान गर्ने हाम्रो मिसनलाई समर्थन गर्छ।'

पिअर्सन भीयूईका म्यानेजिङ डाइरेक्टर डा. गेरी गेट्सले भने, 'नेपाली परीक्षार्थीहरूलाई विश्वस्तरीय परीक्षण अनुभव प्रदान गर्न पाउँदा हामी गर्व गर्छौं। हाम्रो उद्देश्य भनेको अझ धेरै इच्छुक परीक्षार्थीहरूसमक्ष पुग्नु हो, अनि तिनीहरूको शैक्षिक तथा व्यावसायिक लक्ष्य प्राप्तिमा सहयोग गर्नु हो।'

पिअर्सन टेस्ट अफ इङ्गिलस एक विश्वासनीय र सुरक्षित अङ्ग्रेजी भाषा दक्षता परीक्षा हो, जसले अध्ययन, रोजगार वा आप्रवासनका लागि ढोका खोल्छ।

यो परीक्षा ३,५०० भन्दा बढी विश्वविद्यालयहरूद्वारा स्वीकृत हुनुका साथै अस्ट्रेलिया, क्यानाडा, न्युजिल्यान्ड र बेलायतका सरकारले भिसा आवेदनका लागि मान्यता दिएका छन्। पीटीईलाई नर्सिङ, एकाउन्टिङ, इन्जिनियरिङ जस्ता क्षेत्रका प्रतिष्ठित संस्थाहरूले पनि स्वीकृति दिएका छन्। साथै परीक्षार्थीहरूले पीटीईको परिणाम प्रयोग गरेर अस्ट्रेलिया सरकारको अस्ट्रेलिया अवार्ड, न्युजिल्यान्डको सेकन्डरी स्कुल स्कलरसिप (एनजेडएसएस), बेलायतको चेभेनिङ स्कलरसिप र अमेरिकाको फुलब्राइट स्कलरसिप जस्ता प्रतिष्ठित छात्रवृत्तिका लागि आवेदन गर्न सक्छन्।

पीटीई विश्वभरि ४७५ भन्दा बढी सुरक्षित परीक्षण केन्द्रहरूमा सञ्चालित छ। अत्याधुनिक एआई प्रविधि र अनुभवी विशेषज्ञहरूको सहयोगमा पीटीईले निष्पक्ष र पारदर्शी परीक्षण अनुभव प्रदान गर्दछ।

गत वर्ष १० लाख भन्दा अधिक परीक्षार्थीहरूले आफ्नो अङ्ग्रेजी दक्षता प्रदर्शन गर्न र उच्च शिक्षा वा अन्तर्राष्ट्रिय रोजगारका अवसरहरू पछ्याउन पीटीईमाथि विश्वास गरेका थिए।

# हिन्दू र मुस्लिम आस्थाको केन्द्र मदार बावा मेला सुरु



**नवलपरासी/मस–** हिन्दू र मुस्लिम धर्मावलम्बीहरूको संयुक्त आस्थाको केन्द्र मदारबाबा मेला सुरु भएको छ। नवलपरासी(बर्दघाट सुस्तपूर्व)को विनयी त्रिवेणी गाउँपालिका-६ स्थित दाउन्नेडाँडामा सुरु भएको मेला यही फागुन १४ गतेसम्म सञ्चालन हुनेछ।

मदारबाबा मेलामा नेपाल र भारतका हजारौं हिन्दू र मुस्लिम भक्तजन आएका छन्। गत शुक्रबारदेखि नै दर्शनार्थी र बजार राख्नेहरूको भीड लागेको छ।

मदारथानमा हिन्दूहरूको पर्व शिवरात्रि सुरु हुनुभन्दा एक हप्ताअघिदेखि ठूलो मेला लाग्ने गर्छ। महाशिवरात्रिसम्म सञ्चालन हुने उक्त मेलामा नेपाल र भारतका लाखौं दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ। मदारबाबा स्थान मुस्लिम समुदायको नेपालकै ठूलो र ऐतिहासिकस्थल हो। विशेषगरी मुस्लिम समुदायको धार्मिकस्थल भए पनि त्यहाँ हिन्दू, बौद्ध धर्मावलम्बी सबैको आगमन हुने गरेको छ। यो स्थानको प्रवेशद्वार नवलपरासी (बर्दघाट सुस्तापश्चिम)को सुस्ता गाउँपालिका-२ महलबारीमा र मुख्य समाधिस्थल नवलपरासी (बर्दघाट सुस्तपूर्व)को विनयी त्रिवेणी गाउँपालिका मदारी डाँडामा रहेको छ।

मेलामा महलबारी मस्जिदका मठाधिस अमिरुल्लाह अन्सारी परम्परादेखि मदारी डाँडाको गद्दीमा आसिन हुने परम्परालाई यस वर्ष पनि निरन्तरता दिइएको हो। 'गत वर्ष १२ लाख भक्तजनले मेला अवलोकन गरेका थिए, यस वर्ष पनि सोही अनुपातमा भक्तजन आउने अनुमान गरिएको छ।'

मदारबाबाले थुप्रै मुलुकसहित नेपालको नवलपरासी र बुटवलस्थित फूलबारीपार्क क्षेत्रमा पनि तपस्या गरेको इतिहास पाइन्छ। यहाँ भाकल गर्नाले सन्तान नहुनेले सन्तान प्राप्त गर्छन् भन्ने जनविश्वास रहेको छ। जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)ले सूचना जारी गर्दै मेला लाग्ने क्षेत्र वरपर मदिरा बिक्रीमा रोक लगाएको छ। विगतका वर्षहरूमा मदिरा सेवनकै कारण विभिन्न घटना भएकाले यस वर्ष मेला अवधिभर मदिरा बिक्री नगर्न-नगराउन सूचना जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले बताए।

**माइग्रेसन हराएको सूचना**

मिति २०८१/०९/२१ गते पेप्सीकोला बाट बनेपा जानि क्रममा सिम्बल नं. ३७२०३०५७ भएको माइग्रेसन हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नामः डम्बर बहादुर खडका ध्यायत
सिम्बल नं.: ३७२०३०५७
रजिष्ट्रेसन नं. : ६५७२०३०१३
सर्म्पक नं.: ९८४९८६६६०२

**युएईमा रोजगार**
कम्पनी : ALIGN TEAM LLC
पूर्व स्वीकृत मितिः २०८१/११/०६
चलानी नं.: ६०२३३२२२
शहरः UAE
L.T. No.: 309041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ordinary Labour | 100 | 0 | | 1000 | ३७,७७० | | | | | | | |

प्रि अन्तर्वार्ता घमाघम भइरहेको छ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १२ गते (24 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

इलेक्ट्रा रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं. ८२५/०६६/०६७,
सिनामंगल, शम्भुमार्ग, गेट नम्बर–५, काठमाडौं, फोन नं.: ०१ ५९२३८७०, ५९२४८७१
मो.: ९८४१६६७३३५, ९८०१२००६७६, ९८०१२००६७७, ९८१८१६९४००

# Nalgad Municipality
# Office of the Municipal Executive
## Dalli, Jajarkot

## Request for Sealed Quotation

### HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

**(Date of First Publication: 11/02/2025)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Nalgad Municipality Dalli Jajarkot has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in LL.
2. A firm (Dated 2081.10.08 as per the information published in this office listed) will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Nalgad Municipality Dalli Jajarkot invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in LL Nalgad municipality SQ/NM/QCBS-1/2081/82 | 1000 | 26 -02- 2025 | 26 -02- 2025 At 12:00 Noon | 26 -02- 2025 At 1:00 PM |

4. Bidder should deposit the cost of biddibg document in the office revenue account
   **Account's Holders Name :- Nalgad Municipality, Aantarik Rajaswa Khata**
   **Account No :- 2352050029182002**
5. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
9. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/ Applicants.
10. For Quotation Document and other information please consult to the below address.
    **Address : Nalgad municipality office, Dalli jajarkot**
    **Telephone No : 9868090009**
    **Website: https://nalgaadmun.gov.np**

**Chief Administrative Officer**

**कतारमा रोजगार**
कम्पनीः FUTURE MINDS HOSPITALITY SERVICES CO WLL.
पूर्व स्वीकृत मितिः २०८१/११/०६
चलानी नं.: ६०२३३२५९
शहरः Doha
L.T. No.: 319093

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Supervisor | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2500 | ९२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Supervisor | 0 | 1 | | 3000 | ११०,८८० | | | | | | | |
| 3. | Labor Services | 0 | 1 | | 1000 | ३६,९६० | | | | | | | |
| 4. | Labourer (Female) | 0 | 2 | | 1000 | ३६,९६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १४ गते (26 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

फ्यूचर माईन्डस् प्रा. लि.
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४११११०४४, फ्याक्स : ४११११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

मध्यान्ह
www.madhyanhadaily.com
७ फागुन २०८१ बुधबार
19 February 2025, Wednesday

## सम्पादकीय

## निषेधबाट निकास निस्कँदैन

प्रमुख राजनीतिक शक्तिहरूलाई उछिन्दै पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसको अवसरमा भिडियो सन्देश सार्वजनिक गरेका छन् । ७ फागुनको अवसरमा मनाइँदै आएको प्रजातन्त्र दिवसको अघिल्लो दिन भिडियो सन्देश सार्वजनिक गर्दै पूर्वराजा ज्ञानेन्द्रले वर्तमान राजनीतिक नेतृत्वको आलोचना गरेका छन् । जनता र देशको समस्याबारे चिन्ता प्रकट गर्दै पूर्वराजा ज्ञानेन्द्रले गद्दी त्यागको निर्णयलाई कमजोरी नठान्न चेतावनी दिएका छन् । आफ्नो शासनकालप्रति गर्व गरेका ज्ञानेन्द्रले जनताको अवस्था बिग्रिएको निष्कर्ष उल्लेख गरेका छन् । संभवतः ज्ञानेन्द्रले दिएको यो चुनौती यसअघिभन्दा तुलनात्मक चर्को छ । गणतन्त्र घोषणापछि नागरिकको हैसियतमा रहेका ज्ञानेन्द्रले छिटफुट वक्तव्य जारी गर्दै आएका थिए । तर, वक्तव्य सार्वजनिक हुन दसैं र पृथ्वीजयन्तीको अवसर उपयोग गर्ने गर्थे ।

यस पटक ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसकै अवसरमा भिडियो सन्देश सार्वजनिक गरे । वक्तव्यभन्दा भिडियो सन्देश प्रभावकारी हुने निष्कर्षमा उनी पुगेका हुनुपर्छ । यो भिडियो सन्देशप्रति राजनीतिक नेतृत्वबाट आपत्ति आउन सक्छ किनकि पृष्ठभूमि हेर्दा पनि ज्ञानेन्द्र शाहका हरेक गतिविधिप्रति गणतन्त्र पक्षधर नेताहरूको चर्का आपत्ति आउने गरेका छन् । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले त ज्ञानेन्द्र शाहलाई नागार्जुनबाटै लखेट्नुपर्ने दिन आउन सक्ने सार्वजनिक चेतावनी दिएका थिए । भट्टराईको भाषामा प्रमुख दलका नेताहरूको आमसहमति छ । नेकपा (माओवादी केन्द्र)का अध्यक्षसमेत रहेका पुष्पकमल दाहाल 'प्रचण्ड'ले त गत वर्ष प्रधानमन्त्रीकै हैसियतमा १२ बुँदे पक्षधर दलहरूको बैठक राखेका थिए । १२ बुँदे अर्थात् राजतन्त्रको विरूद्ध लडेका दलहरूको बैठक राखेर व्यवस्थाविरोधी शक्तिहरूप्रति एकताबद्ध हुन प्रयत्न गर्ने निर्णय लिइएको थियो । राजसंस्थाको वकालत गर्ने राप्रपादेखि विवादित व्यापारी दुर्गा प्रसाईंसम्मलाई निशानामा पारिएको थियो ।

राजसंस्थाबारे बोल्नेप्रति आशंका र आपत्ति जनाइनु नौलो कुरा होइन, तर समयान्तरमा पूर्वराजा ज्ञानेन्द्र आफैं भिडियो सन्देश सार्वजनिक गर्ने तहसम्म पुगेका छन् । गत वर्ष देशभर नागरिक अभिनन्दन कार्यक्रम राखेरै ज्ञानेन्द्र शाह हिँडेका थिए । तसर्थ, राजसंस्थाको वकालत फराकिलो बनिरहेको निष्कर्षमा पुग्न सकिन्छ । व्यवस्थाप्रतिको निर्णय नागरिकको अधिकार हो । तसर्थ, ज्ञानेन्द्र शाहदेखि राप्रपा अनि दुर्गा प्रसाईंहरूलाई वैकल्पिक व्यवस्थाबारे वकालत गर्न पाउने अधिकार संविधानमै सुरक्षित छ । त्यसको विपक्षमा मत राख्ने अधिकार पनि बाँकी पंक्तिमा छ । फरक यति हो– आमनागरिकको विश्वास जसले जित्छ, उतैतिर पल्ला भारी हुने हो । कसैप्रति वा कसैको सन्देशप्रति भर्त्सना, आपत्ति र निषेधले मात्र तात्त्विक असर पर्ने छैन । यदि गणतन्त्रको स्वीकारोक्ति थप फराकिलो बनाउने हो भने आमनागरिकको मन जित्नुको अर्को विकल्प छैन ।

# नेपालको प्रजातन्त्र र चिनियाँ जनवादी क्रान्ति


अग्रलेख



● सञ्जु दाहाल

लोकतन्त्र भनेको राजनीतिको सुशासनको प्रतिज्ञा हो । २००७ सालदेखि ७ फागुनमा हरेक वर्ष नेपालमा प्रजातन्त्र दिवस मनाउँदै आइएको छ । प्रजातन्त्र वा लोकतन्त्र भनेर पनि राजनीतिक जानकारबीचमा टीकाटिप्पणी हुने गरेकै छन् । लोकतन्त्र, प्रजातन्त्र जे भने पनि कुरा विधिको साशनको हो । कसले समस्त जनतालाई आफ्नो मान्यो ? कुन दल वा सरकारले सबै जनताको आवश्यकता बुझ्यो ? भन्ने विषय नै वास्तवमा लोकतन्त्रको सूचक हो ।

चीनमा सन् १९४९ मा सम्पन्न जनवादी क्रान्ति र नेपालमा २००७ सालको प्रजातान्त्रिक आन्दोलन ऐतिहासिक रूपमा फरक भए पनि दुवै आन्दोलनले सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यी २ घटनाको तुलनात्मक अध्ययन गर्दा केही प्रमुख समानता र भिन्नताहरू देख्न सकिन्छ । लगभग उस्तै समयमा स्वतन्त्र प्रजातान्त्रिक अथवा समाजवादी मार्गमा हिँड्न सुरु गरेका चीन र नेपालमा चीन आज विश्वको प्रथम शक्ति र नेपाल यो दुखद अवस्थामा किन ? के भयो चीनमा अनि के भयो नेपालमा ?





### चीनियाँ जनवादी क्रान्ति (१९४९)

चीनमा सन् १९११ मा मञ्चु शासन समाप्त भएपछि सामान्यतया कमजोर गणराज्य स्थापना भयो र देशले राजनीतिक अस्थिरता भोग्नुपर्‍यो । सही मार्गमा चल्न गाह्रो थियो । चीनमा कम्युनिस्ट पार्टी र कुओमिन्ताङबीच लामो गृहयुद्ध चल्यो । पछि माओत्सेतुङको नेतृत्वमा सशस्त्र क्रान्ति गरी जनवादी गणराज्य चीन स्थापना भयो ।

चीनमा जनवादी क्रान्ति सशस्त्र विद्रोहको माध्यमबाट सम्पन्न भयो । भयंकर जनयुद्ध भयो । माओत्सेतुङको नेतृत्वमा भएको लालसेनाले गाउँबाट शहर नियन्त्रण गर्दै सामन्तवादी तथा पुँजीवादी शक्तिलाई पराजित गर्‍यो । भनौं, चीनमा जनवाद आयो । विधिको साशन स्थापित भयो । जनवादी क्रान्तिपछि चीनमा सामन्ती संरचना भत्काई वैज्ञानिक भूमिसुधार लागू गरियो साथै औद्योगीकरण र आधुनिकीकरण तीव्र रूपमा अगाडि बढ्यो । शिक्षामा ठूलो सुधार गरियो, विशेषगरी सर्वसाधारणका लागि स्थानीय उद्योग, व्यवसाय तथा कृषि आधुनिकीकरण शिक्षा लागू गरियो । समानताको सिद्धान्तले महिला तथा श्रमिक वर्गलाई अधिकार दियो । सब ठीकठाक भयो । आज चीनमा महिलाहरूको अवस्था उल्लेखनीय राम्रो छ । चीनमा सन् १९४९ पछि निरन्तर कम्युनिस्ट पार्टीको नेतृत्व रह्यो । चीन आर्थिक रूपमा तीव्र विकास गरेर विश्वशक्ति बन्यो तर नेपाल भने अझै आर्थिक रूपमा कमजोर रह्यो, रहेकै छ ।

### नेपाली प्रजातान्त्रिक आन्दोलन (२००७ साल)

नेपालमा राणा शासनको समयमा निरंकुश सत्ता थियो । जनअधिकारका लागि प्रजातन्त्रका पक्षधर नेपाली कांग्रेस तथा अन्य समूहहरूले आन्दोलन थाले । तत्कालीन चीन तथा भारतको स्वतन्त्रता आन्दोलनले नेपाली आन्दोलनलाई थप ऊर्जा प्रदान गर्‍यो । राजा त्रिभुवनको समर्थनमा राणा शासनको अन्त्य भई संवैधानिक प्रजातन्त्र स्थापना भयो ।

सत्याग्रह, सशस्त्र आन्दोलन आदि हुँदै गए । परिवर्तन भयो । नेपालमा राणा शासन हटेपछि नागरिक अधिकार स्थापित भए । शिक्षा र संचार क्षेत्रमा विस्तार भयो । बहुदलीय लोकतन्त्रको अभ्यास सुरु भयो । आर्थिक रूपान्तरण भने चीनको जस्तो तीव्र रूपमा हुन सकेन । नेपालमा २००७ सालपछि संवैधानिक राजतन्त्र, बहुदलीय लोकतन्त्र र गणतन्त्र आयो । तर, झन् राजनीतिक अस्थिरता देखियो । चिनियाँ जनवादी क्रान्ति र नेपाली प्रजातान्त्रिक आन्दोलनको तुलनामा राजनीतिक प्रणालीमा चीनमा साम्यवादी राज्य स्थापित भयो भने नेपालमा संवैधानिक राजतन्त्र हुँदै प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आयो । त्यस्तै, विचारधाराका आधारमा चीनमा माओवाद/मार्क्सवादआयो भने नेपालमा प्रजातन्त्र, बहुदलीय व्यवस्था र गणतन्त्र आयो । परिवर्तनको मुख्य उद्देश्य चीनमा सामन्तवाद र पुँजीवादको अन्त्य गर्दै सर्वहारा अधिनायकत्व स्थापना गर्नु थियो भने नेपालमा निरंकुश राणा शासन हटाई जनताको शासन स्थापना गर्नु थियो ।

चीनको लक्ष्य सही थियो भने नेपालको लक्ष्य लहड, जुँगाको लडाइँ तथा चीन र भारतको इसारामा चल्ने खालको थियो । चिनियाँ जनवादी क्रान्ति र नेपाली प्रजातान्त्रिक आन्दोलन दुवै ऐतिहासिक रूपमा महत्त्वपूर्ण छन् तर तिनको स्वरूप, उद्देश्य र प्रभावमा भिन्नता छ । चीनको क्रान्ति एक साम्यवादी क्रान्ति थियो, जसले समाजको संरचनात्मक परिवर्तन गर्‍यो, जबकि नेपालमा प्रजातान्त्रिक आन्दोलनले राजनीतिक परिवर्तन त ल्यायो तर आर्थिक विकासको गति भने अपेक्षित रूपमा अघि बढ्न सकेन ।

> देश विकास हामी सबैको साझा सरोकार हो । चप्पल पड्काउँदै काठमाडौं छिरेका नेताको आलिसान महल बन्यो । ७० लाख युवा विदेशिनुपर्‍यो । देशले अझै सही मार्ग समाउन सकेन । आर्थिक विकासको मार्ग औंल्याउनै सकेन

### राजनीतिको अपराधीकरण

सर्वप्रथम यो राजनीतिक अपराधीकरण भन्ने शब्द नेपालका लोकप्रिय पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीले प्रयोग गर्नुभएको थियो । मनमोहन अधिकारी नेपालको पहिलो कम्युनिस्ट प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँले राम्रो सुरुवात गर्नुभएको थियो तर उहाँको सरकारलाई अल्पमतमा पारेर गिराउने प्रयत्न गरियो ।

यही सन्दर्भमा उहाँले 'राजनीतिको अपराधीकरण' भएको भन्दै टिप्पणी गर्नुभएको थियो । २०४८ सालमा कृष्णप्रसाद भट्टराई तथा गणेशमान सिंह जस्ता नेता हराएर प्रधानमन्त्री बनेका गिरिजाप्रसाद कोइरालाले बहुमतको दम्भले अनैतिक रूपले संसद् भंग गरे । २०५१ सालमा मध्यावधि चुनाव भयो । त्यतिबेला देशले नयाँ आर्थिक विकासको मार्ग समाउनुपर्ने तर देश सत्ताको खेलमा भ्रष्टाचार र अनैतिकतामा चुर्लुम्म डुब्न पुग्यो ।

माओवादी युद्ध सुरु भयो । देशले सही मार्ग पक्रिनै सकेन । सम्पूर्ण पुराना सांस्कृतिक धरोहरहरू नष्ट हुन थाले । १२० जना मन्त्री, ९०० सभासद् र ७ प्रदेश निर्माण गरेर राजीतिक कार्यकर्ता भर्ती गर्ने काम गरियो तर उत्पादमा कोही एकीकृत हुन सकेनन् ।

### चीनको आधुनिक विकास

चीनले राजनीतिक क्रान्तिको अन्त्य भएको घोषणा गरेर नै आर्थिक क्रान्तिको मार्ग पहिल्यायो । चीनको आर्थिक विकास सन् २००० देखि उल्लेखनीय रूपमा तीव्र भएको छ । सन् २००० को दशकको सुरुआतदेखि चीनले विश्वको दोस्रो ठूलो अर्थतन्त्रका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ । यसको आर्थिक वृद्धिका मुख्य कारकहरूमा औद्योगीकरण, निर्यात केन्द्रित उत्पादन, विदेशी लगानी र ठूला संरचनागत सुधारहरू रहेका छन् ।

सन् २००० पछि चीनले आफूलाई 'विश्वको कारखाना'का रूपमा स्थापित गर्‍यो । सस्तो श्रम, कच्चा पदार्थमा पहुँच र सरकारद्वारा प्रवर्द्धित औद्योगिक नीतिहरूले उत्पादन उद्योगलाई तीव्र रूपमा वृद्धि गरायो । चीन विश्व व्यापार संगठनमा सन् २००१ मा सामेल भएपछि अन्तर्राष्ट्रिय बजारसँग अझ सघन रूपमा जोडियो । यसले विदेशी लगानीको वृद्धिलाई तीव्र बनायो र निर्यातमा उल्लेखनीय वृद्धि गर्‍यो । चीनले सडक, रेल, विमानस्थल र अन्य पूर्वाधारमा व्यापक लगानी गर्‍यो, जसले आर्थिक वृद्धिलाई थप प्रवर्द्धन गर्‍यो । बेइजिङ-सांघाई हाई स्पिड रेल जस्ता परियोजनाहरूले आन्तरिक व्यापार र जनसंख्याको आवागमनलाई प्रभावकारी बनायो ।


सन् २०१० पछि चीन प्रविधिका क्षेत्रमा अग्रणी बन्न थाल्यो । अलीबाबा, टेन्सेन्ट र ह्वावई जस्ता कम्पनीहरूले नवप्रवर्तनमा लगानी गरेर चीनलाई प्रविधि शक्तिको रूपमा अगाडि बढाए । सन् २०१३ मा चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ सुरु गर्‍यो, जसले विश्वभरका पूर्वाधार परियोजनामा लगानी गरी चीनको व्यापारिक प्रभावलाई विस्तार गर्‍यो ।

देश विकास हामी सबैको साझा सरोकार हो । चप्पल पड्काउँदै काठमाडौं छिरेका नेताको आलिसान महल बन्यो । ७० लाख युवा विदेशिनुपर्‍यो । देशले अझै सही मार्ग समाउन सकेन । आर्थिक विकासको मार्ग औंल्याउनै सकेन । २१औं शताब्दीमा सशक्त नेतृत्व दिन सक्ने सफल नेता उत्पादन नै हुन सकेनन् । जनता नेतादेखि दिक्क भएका छन् । नेताहरू जनताले कुरा बुझ्नेनन् भन्छन् । जनताका कुरा नेताले बुझ्नुपर्छ । आर्थिक क्रान्तिको बाटोमा हिँड्न कसले रोकेको थियो ? सत्ता सधैं यिनै प्रमुख दलहरूको वरिपरि घुमिरहेको थियो । मुख्य नेतृत्वमा नैतिकता राष्ट्रियता सबै जनता आफ्नै हुन् भन्ने आत्मविश्वास नै भएन । रिस, दम्भ, घमण्डले नै देश बर्बाद भयो । सक्षम तर स्थायी राजनीति नेपालमा फेरि कम्जोर हुँदै गएको देखिन्छ । अझै नेतामा चेतना आएको देखिँदैन ।

उता, चीन विश्व शक्तिको रूपमा उदाइसकेको छ । चीनबाट हाम्रो देशले धेरै सिक्नुपर्छ । लोकतन्त्र वा प्रजातन्त्र सुशासनको प्रतिज्ञा हो । सत प्रतिशत सुशाशानको प्रत्याभूति दिने हो भने पुराना दलहरु आफ्नो लयमा फर्किन सक्नेछन् नत्र भन्न सकिने अवस्था छैन । प्रजातन्त्र दिवस २०८१ को हार्दिक मंगलमय शुभकामना !

## इतिहासमा आज

१९ फेब्रुअरी १९१३ मा पेड्रो लास्कुरेन ४५ मिनेटका लागि मेक्सिकोको राष्ट्रपति बनेका थिए, जुन कुनै पनि देशको राष्ट्रपतिका लागि सबैभन्दा छोटो कार्यकाल थियो ।




१९ फेब्रुअरी २००८ मा क्युबाली क्रान्तिकारी कम्युनिस्ट नेता फिडेल क्यास्ट्रोले राष्ट्रपति पदबाट राजीनामा दिएका थिए ।



१९ फेब्रुअरी १९४५ मा जापानीहरूबाट नियन्त्रण कब्जा गर्न रणनीतिक रूपमा महत्त्वपूर्ण टापु इवो जिमामा ३० हजार अमेरिकी मरीनहरूले एकै पटक आक्रमण गरेका थिए ।



१९ फेब्रुअरी १९४२ मा अमेरिकी राष्ट्रपति फ्र्याकलिन डी. रुजवेल्टले पर्ल हार्बर आक्रमणपछि देशमा बस्ने सबै जापानी अमेरिकीहरूलाई कैद गर्ने कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए ।



# प्रजातन्त्रमा संविधान नै देशको मूल कानुन

विचार



● रेशमराज पौडेल

संविधान राष्ट्रको मूल कानुन हो । यसले राज्यका ३ प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको स्वरूप निर्धारण गरी अधिकार र कर्तव्यलाई परिभाषित गरेको हुन्छ ।

सरकारको अधिकारलाई सीमित गरी जनताका अधिकारलाई सुरक्षित गर्ने तथा सरकारका अंगहरूबीच शक्तिको वितरण र सम्बन्ध निश्चित गर्ने व्यवस्था संविधानमा गरिएको छ । मूलतः संविधानले राज्यको सर्वोच्च शक्तिलाई संचालन गरी नागरिकका अधिकार र कर्तव्यलाई व्यवस्थापन गर्ने भएकाले यसलाई राज्यको मूल कानुन भन्ने गरिन्छ ।

राज्यका अन्य कानुन सविधानले परिभाषित गरेको सीमामा रहनुपर्ने वाध्यता हुन्छ । संविधानको परिधिभित्र नरहेको अवस्थामा वा बाझिएको अवस्थामा सर्वोच्च अदालतले बदर गर्ने गर्छ ।

संविधानहरू सामान्यतया क्रान्ति वा विद्रोहपछि निर्माण हुने गर्छन् । नेपालको संविधान, २०७२ राजतन्त्रको अन्त्यपछि संविधानसभाले निर्माण गरेको हो । संविधानको मूल दायित्व नागरिकका अधिकार र कर्तव्यहरूको परिभाषा र परिभाषित अधिकारहरूको रक्षा गर्नु हो । लिखित संविधानमा आधारभूत रूपमा सामान्य कानुनभन्दा संशोधन वा परिमार्जन गर्न गाह्रो व्यवस्था गरिएको हुन्छ । संवैधानिक परिवर्तनमा सामान्यतया विधायिकाको दुई तिहाइ बहुमत वा जनमतसंग्रह वा कहिलेकाहीँ दुवैको स्वीकृति पनि समावेश गरिएको हुन्छ ।

जापानी संविधानको संशोधनलाई त्यहाँको संसद् डाइटको दुवै सदनको दुई तिहाइ बहुमतबाट पारित गरी जनमतसंग्रहमा साधारण बहुमतले अनुमोदन गर्नुपर्ने व्यवस्था छ । अमेरिकी संविधान संशोधन गर्नका लागि सामान्यतया कंग्रेसको दुवै सदनमा दुई तिहाइ मत चाहिन्छ । त्यसपछि सबै ५० राज्यमध्ये तीन चौथाइ अर्थात् ३८ राज्य व्यवस्थापिकाले अनुमोदन गर्नुपर्छ ।

संविधान संशोधनका व्यवस्था देशअनुसार फरकफरक छन् । कतिपय अवस्थामा देशको सर्वोच्च अदालतबाट संवैधानिक व्यवस्थाको व्याख्या गरेर पनि संवैधानिक व्यवस्थाको सम्पुष्टि गर्ने गरिएको हुन्छ ।

नेपालको संविधान, २०७२ मा पनि संशोधनका लागि दुवै सदनको दुई तिहाई मत चाहिने व्यवस्था गरिएको छ । नेपालको संविधानले प्रत्येक १० वर्षमा यसको कार्यान्वयन पक्षको पुनरावलोकन गर्ने उल्लेख गरेको छ । हालको सरकार संविधान संशोधनको मूल लक्ष्यमा आधारित रहेर गठन भएको सार्वजनिक भएको छ तर त्यसका लागि अनिवार्य शर्तको रूपमा रहेको दुवै सदनको दुई तिहाइ मत सुनिश्चित नभएकाले हाल संविधान संशोधनको बहस अपेक्षित रूपमा सघन हुन सकेको छैन ।

संविधान जहिलेसुकै संशोधन भए पनि नागरिक स्वतन्त्रताको रक्षासहित लोकतान्त्रिक गणतन्त्र, संघीयता र धर्मनिरपेक्षतालाई संस्थागत गर्ने मूल लक्ष्य परिवर्तन गर्न नपाइने मान्यता छ । मौलिक हकसम्बन्धी बृहत् व्यवस्था वर्तमान संविधानको मूल आत्मा मानिएको छ । प्रेस स्वतन्त्रतालाई अक्षुण्ण गर्दै शिक्षा, स्वास्थ्य, पर्यावरणलगायतका हकहरूलाई मौलिक हकमा व्यवस्था गरी महिला र दलितलाई विशेष आरक्षणको व्यवस्था यस संविधानका आधारभूत पक्षका रूपमा रहेका छन् ।

> नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरिएको छ । नेपाली संचार जगत्का लागि यसलाई सबैभन्दा ठूलो उपलब्धि मानिएको छ

नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरिएको छ । नेपाली संचार जगत्का लागि यसलाई सबैभन्दा ठूलो उपलब्धि मानिएको छ ।

नेपाली राज्य प्रणालीका सबै पक्षमा प्रजातान्त्रिक चरित्र तथा कार्यशैलीको अभाव छ । विगतमा प्रकाशन गृहहरूमा हातहतियारसहितका सैनिकको प्रवेश, समाचार तथा प्रकाशन सामग्रीमाथिको सेन्सर तथा अनुचित नियमन बेहोर्नुपरेको अवस्थामा संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूतिले नागरिकको प्रजातान्त्रिक अधिकार उपयोगमा सहजता ल्याएको छ । सरकारी पक्षबाट यी अधिकारको हनन भएमा वा कार्यान्वयन नभएको अवस्थामा सर्वोच्च अदालत वा उच्च अदालतबाट रिटका माध्यमबाट ती अधिकारहरूको वहाली गर्ने सुनिश्चितता पनि संविधानका आधारभूत पक्ष रहेका छन् ।

कार्यविधिगत पक्ष झन्झटिलो भएका कारण संविधानले नागरिकका लागि सुनिश्चित गरेका कतिपय अधिकार प्रयोगमा बाधा पुगेको, कतिपय अवस्थामा खर्चिलो हुँदा सामान्य नागरिकको पहुँचमा नरहेको गुनासो छ । यी गुनासाहरूको अन्त्य गर्न सके नागरिकको प्रजातान्त्रिक अधिकार सुनिश्चित भई सरकारप्रतिको भरोसामा वृद्वि हुने छ ।

## सामाजिक सञ्जाल



**भोजराज पोखरेल**

अध्यादेश 'जसरी पनि पास गराइन्छ' भन्ने सत्तापक्षका नेताको भनाइमा त्यो 'जसरी पनि'भित्र अरू दल फुटाउने वा सांसदको खरिद-विक्री जस्ता बिगतका विकृत फोहोरी खेल नपरून् । स्वस्थ्य राजनीतिक प्रतिस्पर्धा अँगालौं ।

वर्षमान पुन भन्छन्- प्रचण्डले राजनेताको हैसियत बनाउनुभएको छ । व्यक्ति देवत्वकरण समकालीन नेपाली राजनीतिको निकृष्ट चरित्र । दल भनेको जनकेन्द्रित सिद्धान्त, नीति, आदर्श र मूल्य-मान्यता र सामूहिकता हो; दल बन्ने आधार । दललाई व्यक्तिवादी, निरंकुश र एकल देवत्वकरण घातक हुन्छ, फगत् भिरालोको यात्रा ।



**कृष्ण घिमिरे**



**राधाकृष्ण कटुवाल**

देशमा यतिबेला अरूलाई गाली गरेर आफू हिरो बन्ने ट्रेन्ड चलेको छ । अनि, सबैको मुखमा भ्रष्टाचार झुन्डिएको छ तर भ्रष्टाचारीचाहिँ को थाहा छैन । सबैभन्दा धेरै भ्रष्टाचारीले नै भ्रष्टाचारको विरोध गरिरहेको देखिन्छ । भ्रष्टाचारीचाहिँ भोट दिने जनता होलान् होइन ? नैतिकता हराएका नेता !

अमेरिकाले नेपाल आउने ५ अर्ब सहयोग रोकेको छ । अमेरिकाको यो कदमले नेपालमा संघीयता र जैविक विविधता संरक्षणका क्षेत्रमा भइरहेका प्रगतिहरूमा प्रत्यक्ष असर पर्ने देखिन्छ । यसबाट स्थानीय र प्रादेशिक सरकारहरूको आर्थिक स्रोतमा कमी आउन सक्छ । दलाल र पपेटलाई घाटा, नेपाललाई फाइदा, ग्रेट ।



**निर्मल प्रसाई**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# आधारहीन आरोप लगाउनु संसद्को गरिमा घटाउनु हो : ऊर्जामन्त्री

**काठमाडौं/मस**–ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले सरकारबाट बाहिरिनेबित्तिकै निराधार आरोप लगाउने प्रवृत्तिले मुलुकको स्थायित्व र विकासलाई अवरुद्ध गर्ने चेतावनी दिएका छन् । प्रतिनिधिसभाको माघ २४ गतेको बैठकमा पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले ऊर्जा मन्त्रालयसँग सम्बन्धित विषयमा प्रश्न उठाएपछि मन्त्री खड्काले संसदमै त्यसको जवाफ दिएका थिए ।

उनले सञ्चारमाध्यमहरूमा आएका अपुष्ट समाचारका आधारमा निष्कर्ष निकाल्दा देशको समग्र विकास प्रक्रियामा नकारात्मक असर पने बताए । मन्त्री खड्काले संसदमा गरिने अभिव्यक्तिहरू जिम्मेवार हुनुपने बताउँदै आधारहीन आरोप लगाउनु संसदको गरिमा घटाउने कार्य भएको उल्लेख गरे । 'पूर्वप्रधानमन्त्रीज्यूले ऊर्जा मन्त्रालयसँग जोडेर जगदुल्ला आयोजनाको विषय उठाउनुभयो, तर यो परियोजनाको ठेक्का प्रक्रिया त म मन्त्री बन्नु अघि नै सुरु भइसकेको थियो । मन्त्रालयमा पुगेपछि कानुनी र प्रक्रियागत कारणले ठेक्का रद्द गरियो । यसमा मेरो कुनै व्यक्तिगत भूमिका छैन,'उनले स्पष्ट पारे ।



उनले थपे,'पछिल्ला आठ वर्ष ऊर्जा मन्त्रालयको नेतृत्व माओवादी पार्टीकै मन्त्रीहरूले सम्हाल्नुभएको थियो । यस अवधिमा भएका निर्णयहरूको समेत समीक्षा हुनुपर्छ । यदि मलाई दोष लगाइन्छ भने प्रमाणसहित प्रस्तुत हुनुपर्छ । प्रमाणित भएमा म कुनै पदमा नरहने मात्र होइन, तपाईंहरूको पछाडि झोला बोकेर हिँड्न समेत तयार छु ।'

नेपाल विद्युत् प्राधिकरणका वर्तमान प्रमुखको प्रशंसा गर्दै मन्त्री खड्काले लोडसेडिङ अन्त्य गर्न ४०० मेगावाट विद्युत् भारतबाट आयात गर्नुको प्रमुख भूमिका सरकारको नै रहेको बताए । 'लोडसेडिङ अन्त्यको जस व्यक्तिगत रूपमा कसैलाई मात्र दिनु न्यायोचित हुँदैन । विद्युत् प्रसारण पूर्वाधारको विकास जस्ता पक्षहरूलाई बेवास्ता गर्न मिल्दैन । सरकारले लिएका नीति-निर्णयलाई बेवास्ता गर्दै सरकारको विरोध गर्न पाइँदैन,' उनले भने ।

डेडिकेटेड र टंक लाइनसम्बन्धी विषयमा विगतका सरकारहरूले समाधान नगरेको उल्लेख गर्दै मन्त्री खड्काले अहिलेको सरकारले निष्पक्ष छानबिनका लागि समिति गठन गरिसकेको जानकारी दिए । '२२ अर्बको विषय उठाउनुभयो, तर आठ-आठ वर्ष सरकारमा रहँदा किन समाधान गरिएन ? अहिले निष्पक्ष छानबिनका लागि समिति बनाइएको छ, त्यसलाई अवैध भन्नु कति जायज छ ?' उनले प्रश्न गरे । ऊर्जा क्षेत्रमा दीर्घकालीन योजना र लगानी आवश्यक रहेको बताउँदै मन्त्री खड्काले सबैलाई सकारात्मक भूमिका खेल्न आग्रह गरे । 'सही ढंगले ऊर्जा स्रोतको उपयोग गर्न सकियो भने स्वदेशमै लाखौँलाई रोजगारी दिन सकिन्छ । निरर्थक विवादमा समय खर्चिनुको सट्टा समाधानमुखी सोच राख्न जरुरी छ,'उनले जोड दिए ।

# कालीकोटमा ८ हजार बढी किशोरीले लगाए एचपीभी खोप

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ६ फागुन



कालीकोटमा ८ हजार ६ सय ८४ किशोरीले पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपीभी) खोप लगाएका छन् । माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालन गरिएको खोप अभियानले ९८.५३ प्रतिशत लक्ष्य हासिल गरेको स्वास्थ्य सेवा कार्यालय कालिकोटका जनस्वास्थ्य अधिकृत कटक महतले जानकारी दिए ।

जिल्लाका ९ वटा स्थानीय तहलाई तीन भागमा विभाजन गरी चरणबद्ध रुपमा खोप अभियान संचालन गरिएको थियो । त्यस्तै पहिलो चरण (माघ २२-२४) रास्कोट नगरपालिका, पलाँता, पचालझरना र सान्नीत्रिवेणी गाउँपालिका, त्यस्तै दोस्रो चरण नरहरीनाथ गाउँपालिका, शुभकालीका गाउँपालिका र खाँडाचक्र नगरपालिका र तेस्रो चरणमा तिलागुफा नगरपालिका र महाबै गाउँपालिकामा फागुण ४ गतेदेखि ६ गतेसम्म खोप संचालन गरिएको स्वास्थ्य सेवा व्यवस्थापक डा.भीष्म पोखरेलले बताए ।

उनले अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न सहजमय बनाउने सम्पूर्णमा धन्यवाद दिए । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका सम्पूर्ण छात्राहरुलाई विद्यालयमै खोप दिएको र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस'(एचपीभी) खोप दिन सफल भएको स्वास्थ्य सेवा कार्यालय कालीकोटले जनाएको छ ।


## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, तानसेन शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/११/०७ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २०२१६४/०७५/०७६ कायम भई मिति २०७५/०७/२० मा दर्ता भएको पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ८ स्थित **बि. एस. कन्स्ट्रकसन एण्ड ट्रान्सपोर्ट प्रा. लि.** ।

**व्यक्तिगत/संस्थागत जमानतकर्ताहरूको विवरण :**

१. मेहर सिंह बुचाको नाति, गिर बहादुर बुचाको छोरा, पाल्पा जिल्ला, ठिमुरे गा.वि.स./उ.म.न.पा. वडा नं. ८ स्थायी ठेगाना भई बस्ने **भक्त बहादुर बुचा** ।

२. बसन्त अर्यालको नाति, हरि लाल उपाध्यायको छोरा, रूपन्देही जिल्ला, करहिया गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई बस्ने **श्याम कुमार उपाध्याय** ।

३. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, पाल्पामा उ.द.नं. १७५९/२०६६/२०६७ कायम भई मिति २०६६/०५/३० मा दर्ता भएको पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ८ स्थित **लिसरा कन्स्ट्रक्सन** ।

**धितो सुरक्षणको विवरण :**

धनी सानिमा बैंक लिमिटेड (ऋणी **बि. एस. कन्स्ट्रकसन एण्ड ट्रान्सपोर्ट प्रा.लि.**) को नाममा लुम्बिनी अञ्चल, यातायात व्यवस्था कार्यालय, रूपन्देहिमा दर्ता रहेका निम्न बमोजिमका सवारी साधन :

| क्र.सं. | सवारी नम्बर | ईन्जिन नम्बर | च्यासिस नम्बर | मोडल | बनेको वर्ष |
|---|---|---|---|---|---|
| १ | लु २ ख ३६९९ | E613CDJJ237013 | MC2K7ERC0JJ063502 | Eicher Terra 16 HDR Tipper | २०१८ |
| २ | लु २ ख ३७०० | E613CDJJ237156 | MC2K7ERC0JJ063504 | Eicher Terra 16 HDR Tipper | २०१८ |
| ३ | लु २ ख ३७०३ | E613CDJJ236224 | MC2K7ERC0JJ063424 | Eicher Terra 16 HDR Tipper | २०१८ |
| ४ | लु २ ख ३७०१ | E613CDJJ236793 | MC2K7ERC0JJ063470 | Eicher Terra 16 HDR Tipper | २०१८ |
| ५ | लु २ ख ३७०२ | E613CDJJ236404 | MC2K7ERC0JJ063429 | Eicher Terra 16 HDR Tipper | २०१८ |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## Nalgad Municipality
## Office of the Municipal Executive
### Dalli, Jajarkot

## Invitation for Sealed Quotation

**Date of second Publication : 19-02-2025**

1. The Nalgad Municipality, Jajarkot invites sealed quotations from registered Suppliers for the procurement following project.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Dalli, Jajarkot, ito.nalgaadmun@gmail.com.OR [may visit PPMO websit www.bolpatra.gov.np.]
3. The hard copy isnot allowed and complete set of Bidding Documents may be purchased from the office Nalgad Municipality, Jajarkot Jajarkot Khagenkot and the officeNalgad Municipality, Jajarkot Dalli, Jajarkot Jajarkot Khagenkotby eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 12-02-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :NIC Asia Bank Ltd. ii. Name of Office :Nalgad Municipality, Jajarkot
   iii. Office Code no : iv. Office Account No :2352050029182002
   v. Rajaswa (revenue) Shirshak No :GA-1-1
5. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 05-03-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-03-2025 13:00 at the office of Nalgad Municipality, Jajarkot Dalli, Karnali Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 40000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[N5CA052239552402] at [NIC Asia Bank Ltd., Dallibajar jajarkot] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Name of Project | SQ No | Bid Security | Remarks |
|---|---|---|---|---|
| 1 | procurement and installation of inline chlorination system in water supply schemes, Procurement and installation of eco-friendly anti scaling system for removal of lime (Lime encrustion) | SQ/NM/ GOODS/01/2081/82 | 40000 | |

**Chief Administrative Officer**



## UAE मा रोजगार
कम्पनी : I F T G TECHNICAL SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/११/०६ — चलानी नं.: ६०२३३२५५ — LT. No.:319035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १४ गते (26 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.** — श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५
महाराजगंज, काठमाडौं, फोनः ०१–४५४७९४७, Mobile No.: 9802358223 / 9802358233.
E-mail : aasthamanpower@gmail.com, Web.:asthamanpower.com



## युएईमा रोजगार
कम्पनी : Primary Expert Cleaning Services LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/११/०५ — चलानी नं.: ६०२३३२५२ — LT. No.: 319046

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Worker, Building Cleaning | 43 | 0 | | 800 | ३०,२१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १४ गते (26 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** — Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565



## UAE मा रोजगार
कम्पनीः CHEVON CONTRACTING LLC.OPC — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/११/०६ — चलानी नं.: ६०२३३२५६ — L.T. No.: 318460

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners (Female) | 0 | 10 | | 1000 | ३७,७७० | | | | | | | |
| 3. | Male Cleaners (External) | 5 | 0 | | 1000 | ३७,७७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ फागुन १४ गते (26 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.** — इजाजत पत्र नं. ६५७/०६३/०६४
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal



## साउदीमा रोजगार
कम्पनी : ICE REFRIGERATION TECHNOLOGY FACTORY — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८१/११/०६ — चलानी नं.: ६०२३३२२५ — LT. No.:319057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन १४ गते (26 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.** — श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9851008664, 9847275969, 9801232406, 9851032593, 9851190207, 9863775437, 9851071822.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# 'फेरि रेशम फिलिली'को ट्रेलरमा अमेरिकी भिसाको सेरोफेरो




**काठमाडौं/मस-** अमेरिकाको भिसा लागेको रेशम र भिसासँग जोडिएका विभिन्न पात्रको सपना, चाहना र स्वार्थको द्वन्द्वको सेरोफेरोमा घुमेको 'फेरि रेशम फिलिली'को ट्रेलर सार्वजनिक भएको छ।

राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट ७ सेकेन्डको टिजरले फिल्म हास्यरसले भरिपूर्ण रहेको देखाएको छ। ट्रेलर हेर्दा झन्डै १० वर्ष अगाडि रिलिज भएको फिल्मको यो नयाँ सिक्वेलले उस्तै कमेडीको तड्का दिने देखिन्छ। फिल्मले त्यतिबेला हरिया पात्रलाई लोकप्रिय बनाएझैं यस पटक मेक्सम गौडेलको हाजमोला चरित्र दर्शकका लागि फ्रेस अफर हुने अनुमान लगाउन सकिन्छ।

हरियाको रेशमलाई समस्यामा पारिरहने पुरानो शैलीले यस पटक पनि दर्शकलाई पेट मिचीमिची हँसाउने सम्भावना ट्रेलरले दिएको छ। समग्रमा ट्रेलरले हलसम्म दर्शकलाई सजिलै आकर्षित गर्ने देखाएको छ। झण्डै ३ दर्जनबढी पात्रको सेरोफेरोमा घुम्ने फिल्मको परिस्थितजन्य कमेडी दर्शकका लागि रुचिको विषय हुने ट्रेलरले देखाएको छ।

फिल्ममा विनय श्रेष्ठ, सुपुष्प भट्ट, कामेश्वर चौरासिया, नीर शाह, प्रकाश घिमिरे, शिशिर वाङ्देल, रवीन्द्र झा, लक्ष्मी गिरी, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल, सजन थापालगायतको पनि अभिनय छ। सुसन प्रजापतिको छायांकन, निर्देशक महर्जन र आकाश बरालको पटकथा, नरेश किङ योगीको द्वन्द्व निर्देशन तथा कालीप्रसाद बाँस्कोटा, एसडी योगी, हर्क साउद, जयन जे वाइवा र दीपक शर्माको संगीत तथा सुरेन्द्र पौडेलको सम्पादन फिल्ममा छ।

